ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार

फागुन २०७६ ग्रामीण विकास लघुवित्त समाचार फेब्रुअरी-मार्च २०२०

# ग्रामीण विकास लघुवित्तद्वारा आन्तरिक लेखापरीक्षण तालिम सम्पन्न

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. प्रधान कार्यालय बुटवलको आयोजनामा प्रभावकारी लेखापरीक्षण र प्रतिवेदन लेखन सम्बन्धी तालिम सम्पन्न भएको छ । यही फागुन २ र ३ गते बुटवलमा सञ्चालन भएको तालिममा संस्थाको आन्तरिक लेखापरीक्षण विभाग, क्षेत्रीय कार्यालय, इलाका र शाखा कार्यालयमा कार्यरत उपनिर्देशक, बरिष्ठ अधिकृत तथा सहायक अधिकृतहरू गरी कुल ३० जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।




उक्त तालिम उद्घाटन समारोहमा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री पर्वत कुमार कार्कीले संस्थागत सुशासनलाई थप मजबुत बनाउन आन्तरिक लेखापरीक्षण विभागको ठुलो महत्व रहेको हुँदा यसलाई थप सशक्त बनाउन आधुनिक र प्रभावकारी ढंगले ज्ञान प्रदान गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको बताउनु भयो । संस्थाका विभिन्न विभाग तथा इलाका/शाखा कार्यालयले नीति नियम तथा निर्देशन बमोजिम सम्पादन गर्नुपर्ने कार्यमा हुने गरेका कतिपय कमि कमजोरीलाई आन्तरिक लेखापरीक्षण विभागले उजागर गर्ने गरेको उल्लेख गर्दै प्रमुख कार्यकारी अधिकृत श्री कार्कीले त्यस्ता कमि कमजोरी सुधारको निम्ति समितिबाट दिइने निर्देशनले संस्थागत सुशासनमा थप टेवा पुग्ने धारणा राख्नुभयो ।

उक्त तालिम कार्यक्रमको प्रमुख स्रोत व्यक्ति नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्री नरेन्द्रसिंह विष्ट र अन्य चार्टड एकाउण्टेण्टस्बाट आन्तरिक लेखापरीक्षणको प्रचलित आधुनिक व्यवस्था, जोखिम व्यवस्थापन र सोको आधारमा गरिने आन्तरिक लेखापरीक्षणको स्वरुप, कार्यविधी, लेखापरीक्षण प्रतिवेदन लेखन विधि, लगायतका विषयमा सैद्धान्तिक तथा व्यावहारिक तवरबाट प्रकाश पार्नुभएको थियो ।



तालिम कार्यक्रमको उद्घाटन समारोहमा विभागिय प्रमुख श्री लक्ष्मण अर्यालयले स्वागत मन्तव्य र समापन समारोहमा विभागिय प्रमुख श्री नारायण भट्टराइले धन्यवाद ज्ञापन सहित तालिम कार्यक्रमको समापन गर्नु भएको थियो ।